संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम ८९ को उपनियम २ बमोजिम

अर्थमन्त्री डा. रामशरण महतले
व्यवस्थापिका-संसदमा प्रस्तुत गर्नुभएको

# विनियोजन विधेयक, २०७२ का सिद्धान्त र प्राथमिकता

नेपाल सरकार
अर्थ मन्त्रालय
असार, २०७२

**सम्माननीय सभामुख महोदय,**

१. विगत केही वर्षदेखि सुस्त रहेको आर्थिक गतिविधि गत आर्थिक वर्षदेखि चलायमान हुन थालेको थियो। हामीले लिएका आर्थिक सुधारका नीतिहरूको परिणामस्वरुप आर्थिक वृद्धिदर लगायत अन्य आर्थिक-सामाजिक परिसूचकहरूमा उल्लेख्य सुधार भइरहेको थियो। चालु आर्थिक वर्षको बजेट कार्यान्वयनबाट यसले थप गति लिने अपेक्षा गरिएको थियो। तर, २०७२ बैशाख १२ र २९ गतेका भूकम्पले यो गतिमा केही अवरोध खडा गऱ्यो।

२. चालु आर्थिक वर्षको पूँजीगत खर्चमा खास सुधार आउन सकेन। खासगरी आर्थिक वर्षको अन्तिम महिनाहरूमा भूकम्प पश्चात् खोज, उद्धार र राहतमा प्राविधिक र प्रशासनिक जनशक्ति परिचालन गर्नुपर्ने अवस्था आएकोले विकास निर्माणका धेरै कामहरू ओझेलमा पर्न गए।

३. भूकम्पपछिको पुनर्निर्माणलाई तीब्रताका साथ अगाडि बढाउने, आर्थिक वृद्धिदरलाई उच्च राख्दै न्यायपूर्ण, समावेशी र समुन्नत अर्थतन्त्रको निर्माणका लागि ठोस आधारशीला खडा गर्नु जरूरी छ। यसका लागि संरचनागत तथा संस्थागत सुधारका माध्यमबाट उत्पादन प्रक्रियामा रहेका अवरोधहरू हटाउँदै सबै क्षेत्रबाट सरकारी, निजी र अन्य सबै क्षेत्रबाट लगानी वृद्धि गर्ने वातावरण बनाउनु पर्नेछ। साथै, विगतमा थालनी गरिएका आर्थिक सुधारका कार्यक्रमहरूलाई थप परिमार्जनसहित कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ। व्यवस्थापिका-संसदमा प्रस्तुत गरिने आगामी आर्थिक वर्षको बजेट यिनै उद्देश्यतर्फ उन्मुख रहने कुरा माननीय सदस्यहरूलाई जानकारी गराउँदछु।

**सम्माननीय सभामुख महोदय,**

४. भूकम्पले ल्याएको विपद्लाई नवनिर्माणको अवसरमा बदल्दै समृद्ध नेपालको रुपरेखा कोरिएको संकेत आम नेपालीलाई दिई मुलुकको राजनीति, प्रशासन एवं समग्र शासकीय प्रणालीप्रति आम नेपालीको विश्वास दरिलो पार्नु आजको प्रमुख राष्ट्रिय चुनौति हो। भूकम्पले क्षतिग्रस्त गाउँ, शहर, बस्ती, प्राचीन सांस्कृतिक तथा पुरातात्विक धरोहर एवं पूर्वाधारका संरचनाहरूलाई निश्चित समयावधि भित्रै पुनर्निर्माण गरी आर्थिक क्रियाकलापलाई तीब्रता दिनुपर्ने आवश्यकता रहेको छ।

५. भूकम्पले अर्थतन्त्रमा पारेको प्रभावका कारण आर्थिक क्रियाकलापहरू अवरुद्ध हुन गई राजस्व परिचालनमा गिरावट आउने देखिएकाले सोको पूर्तिका लागि थप स्रोतको खोजी गर्नु चुनौति रहेको छ। साथै वैदेशिक सहायताको उपयोग क्षमतामा रहेको कमजोरी सुधार गर्दै मुलुकको प्राथमिकता र आवश्यकता अनुकूलका आयोजना तथा कार्यक्रमहरूमा वैदेशिक सहायताको परिचालन गर्नु जरूरी छ।

६. भूकम्पपछिको पुनर्स्थापना र पुनर्निर्माणका लागि लाग्ने स्रोतको पहिचान गर्न अन्तर्राष्ट्रिय विज्ञहरू सम्मिलित टोलीले आवश्यकता पहिचान गरिसकेको छ। सो अनुसार तत्कालका लागि कुल ६ खर्ब ६७ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ। यसका लागि हालै काठमाडौंमा आयोजना

गरिएको "नेपालको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सम्मेलन" मा मित्रराष्ट्र तथा दातृ समुदायबाट बचनवद्धता भएको सहयोगका साथै आन्तरिक स्रोत समेत परिचालन गर्नुपर्नेछ।

७. हालैको भूकम्पका कारण लगानी, व्यापार, व्यवसाय, आय तथा रोजगारी, उत्पादन, उत्पादकत्व, उपभोग र उद्यमशीलता जस्ता अर्थतन्त्रका प्रमुख पक्षहरूमा देखिएको शिथिलतालाई सामान्यीकरण गर्दै सरकारी तथा निजी लगानी अनुकूल नीतिको कार्यान्वयनबाट अर्थतन्त्रलाई द्रुत गतिमा चलायमान बनाउनु पर्ने आवश्यकता छ।

८. देशको ठुलो हिस्सा अझै पनि गरिबीको चपेटामा छ। आधारभूत सामाजिक र आर्थिक अवसरमा पहुँच छैन। सहरी र ग्रामीण क्षेत्रका साथै भौगोलिक क्षेत्रबीचको विषमता बढ्दो छ। चालु आर्थिक वर्षमा व्यहोर्नु परेको बाढी, पहिरो, महामारी र भूकम्प जस्ता प्राकृतिक विपद्ले गरिबीको जोखिमलाई अझ उँचो पारेको छ। आगामी दिनमा विपद् व्यवस्थापनको प्रभावकारी पूर्व तयारी र विपद्बाट हुने क्षति न्यूनीकरण गर्नु जरूरी छ।

९. बजेट प्रणालीमा गरिएका सुधारका प्रयासहरूका बावजूद स्थानीय प्रकृतिका स-साना कार्यक्रमहरूका लागि केन्द्रीय बजेटमा विनियोजन गरी छर्ने क्रम रोकिएको छैन। आयोजनाको पूर्व तयारीका चरणहरू पूरा नै नगरी नयाँ आयोजना प्रस्ताव गर्ने र पर्याप्त तयारी नभई ठेक्कापट्टा लगाइहाल्ने प्रवृत्ति देखिएको छ। बजेट समयमै आई खर्च गर्ने अख्तियारी समेत समयमै प्रदान गरिए पनि आर्थिक वर्षको प्रारम्भमै कामको थालनी नगर्ने र आर्थिक वर्षको अन्त्यमा मात्रै खर्च गर्ने प्रवृत्ति कायमै छ।

१०. सञ्चालनमा रहेका सार्वजनिक संस्थानहरूको कार्यसम्पादन, वित्तीय अवस्था र सेवा वितरण प्रणालीको अवस्था समेतको विश्लेषणका आधारमा प्रतिफल दिन सक्ने र सार्वजनिक हितको लागि आवश्यक संस्थानहरूलाई सुधार गरी सञ्चालन गर्नुपर्ने आवश्यकता छ। बन्द वा खारेज भएका सार्वजनिक संस्थानको जग्गा, जमीन र यन्त्र उपकरण लगायत चल अचल सम्पत्तिको व्यवस्थापन र उपयोग गर्नु तथा तिनका जग्गामा उपयुक्त किसिमको उद्योगधन्दा सञ्चालन वा अन्य सार्वजनिक हितका लागि उपयोग गर्नु जरूरी देखिएको छ।

११. सरकारले घोषणा गरेका वित्तीय औजारहरूको पूर्ण कार्यान्वयन हुन सकेको छैन। कतिपय नीतिगत प्रयासका बावजूद कृषक र साना व्यवसायीका लागि कर्जाको उपलब्धता कठिन भएको छ। कृषक, साना उद्योगी, उद्यमशील युवाहरूका लागि परियोजना धितोमा राखी सुलभ कर्जा प्रवाह गर्नुका साथै भूकम्प पीडितहरूका लागि घोषणा गरिएको सरल र सुलभ कर्जाको उपलब्धतालाई सुनिश्चित गर्नु जरूरी छ।

१२. बढ्दो व्यापार घाटा चिन्ताको विषय बनेको छ। कृषिजन्य वस्तुको आयात समेत वृद्धि भइरहेको र भूकम्पपछिको पुनर्निर्माणका लागि आवश्यक निर्माण सामाग्रीको आयातमा वृद्धि भएकाले आयातको आयतन ह्वात्तै बढेको छ। कुनै समय करीब ५० प्रतिशत रहेको निर्यात आयात अनुपात हाल ११ प्रतिशतमा झरेको छ। देशभित्र उत्पादन र उत्पादकत्व बढाई निर्यातयोग्य

वस्तु र सेवाको निर्यात प्रवर्द्धनका लागि निश्चित कार्ययोजना सहितका कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ।

१३. सरकारको नीति तथा कार्यक्रममा स्थानीय निकायको स्वामित्व सहितको अपनत्व नभएसम्म आर्थिक सामाजिक विकासका क्रियाकलाप सञ्चालन गर्न नसक्दा आम जनतामा सरकारको उपस्थिति प्रभावकारी हुन नसकेको अनुभूति छ। स्थानीय सरकारको अनुपस्थितिमा अहिले समग्र विपद् व्यवस्थापनको कार्यसम्पादनमा परेको असर समेतलाई ध्यानमा राखी आउँदा दिनमा स्थानीय निकायको रिक्तता नहुने राजनैतिक प्रणालीको विकास गर्नु अत्यावश्यक भएको छ।

१४. एकातिर देशभित्र रोजगारीका पर्याप्त अवसरहरूको अभावमा वर्षेनी हजारौं युवा वैदेशिक रोजगारीका लागि जाने गरेका छन् भने अर्कातिर मुलुकभित्रै कतिपय क्षेत्रमा आवश्यक श्रमशक्तिको अभावले कृषि, उद्योग र पुनर्निर्माणको क्षेत्र समेत प्रभावित भएको छ।

**सम्माननीय सभामुख महोदय,**

१५. उच्चदरको आर्थिक वृद्धिदर हासिल गर्दै नेपाललाई आर्थिक रुपमा समुन्नत बनाउने, भूकम्पपछिको पुनर्स्थापना र पुनर्निर्माणका कार्यहरूलाई निश्चित समयसीमाभित्र सम्पन्न गर्ने, विकास निर्माणका सम्भाव्यताहरूको महत्तम उपयोग गर्ने र समग्र आर्थिक-सामाजिक विकास गर्ने दिशामा आगामी बजेट उन्मुख हुनेछ। यस सन्दर्भमा आगामी आर्थिक वर्ष २०७२/७३ को विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताहरूलाई देहायअनुसार प्रस्तुत गरेको छु।

## १६. विनियोजन विधेयकका सिद्धान्तहरू

<u>संविधान, शान्ति र सुशासन प्रवर्द्धन</u>

(क) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मस्यौदा संविधानसभामा प्रस्तुत भइसकेको छ। संविधान निर्माणका बाँकी कामहरूलाई यथाशीघ्र सम्पन्न गर्न आवश्यक स्रोतको व्यवस्था गरिनेछ। राजनीति, प्रशासन एवं समग्र शासकीय प्रणालीप्रति आम नेपालीको विश्वास अभिवृद्धि गरिनेछ। सरकारी कामकारवाहीको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्दै दण्डहीनताको अन्त्य गरिनेछ। सूचना प्रविधिको प्रयोगलाई व्यापक बनाई सरकारी सेवा वितरणलाई सरल, सहज र सुलभ बनाइनेछ।

<u>पुनर्स्थापना र पुनर्निर्माण</u>

(ख) भूकम्पोत्तर अवस्थामा पुनर्स्थापना र पुनर्निर्माणका लागि यथेष्ट रकम विनियोजन गरिनेछ। पुनर्निर्माण कार्यलाई उच्च प्राथमिकता दिई निश्चित समयसीमाभित्र सम्पन्न गर्ने लक्ष्य लिइनेछ। क्षतिग्रस्त व्यक्तिगत घर, सरकारी भवन, सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित भौतिक संरचनाहरू, सांस्कृतिक र पुरातात्विक धरोहरहरू भूकम्प प्रतिरोधी प्रविधि प्रयोग गरी पुनर्निर्माण गरिनेछ।

(ग) भूकम्पबाट घरवारविहीन भएकालाई घर बनाउन सहयोग गरिनेछ। भूकम्प पीडित जनताको जीविकोपार्जनको यथाशीघ्र पुनर्स्थापन गरिनेछ।

**विपद् व्यवस्थापनको तयारी**

(घ) विपद् व्यवस्थापनसँग सम्बन्धित सबै निकायहरूको क्षमता अभिवृद्धि गरिनेछ। विपद् व्यवस्थापनका लागि आवश्यक मेशीनरी औजारका साथै अन्य सम्पूर्ण सामाग्रीहरूको व्यवस्थाका लागि स्रोत परिचालन गरिनेछ। विपद् व्यवस्थापनसँग सम्बन्धित मानवस्रोतको क्षमता अभिवृद्धि गरिनेछ।

**विकास कार्यक्रमहरूको पुनर्प्राथमिकीकरण र निरन्तरता**

(ङ) सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमहरूलाई पुनःप्राथमिकीकरण गरी अनावश्यक र अनुत्पादक आयोजना तथा कार्यक्रमहरू घटाउँदै लगिनेछ र विगतदेखि नै कार्यान्वयनमा रहेका, राष्ट्रिय महत्वका र नतीजामूलक आयोजना तथा कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ। यस्ता आयोजना तथा कार्यक्रमहरू समयमै सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।

**स्थानीय निकायको भूमिका वृद्धि**

(च) विधिवत् रुपले आवश्यक अध्ययन एवं सबै प्रक्रिया पूरा गरेका आयोजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका साथ राष्ट्रिय स्तरमा सम्पन्न गर्ने गरी रकम विनियोजन गर्ने नीति लिइनेछ। साविकमा विषयगत मन्त्रालयहरूले सञ्चालन गरिरहेका जिल्ला र स्थानीयस्तरका आयोजना/कार्यक्रमहरूलाई स्थानीय निकायले नै सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

(छ) स्थानीय निकायहरूको निर्वाचन गरी तल्लो स्तरका निकायहरूलाई अधिकार सम्पन्न बनाइनेछ। स्थानीय स्तरमा सञ्चालन हुन सक्ने आयोजना/कार्यक्रमहरू स्थानीय निकायलाई हस्तान्तरण गरिनेछ। नयाँ नगरपालिकाहरूको पूर्वाधार विकासमा सहयोग पुऱ्याउनुका साथै स्थानीय स्रोत परिचालनमा पनि जोड दिइनेछ।

(ज) स्थानीय निकायहरू लामो समयसम्म रिक्त रहेकाले विकास निर्माणका कार्यहरू मात्र होइन, विपद्पछिको खोज, उद्धार र राहतमा समेत कठिनाई भएको तथ्यबाट पाठ सिक्दै स्थानीय निकायको शीघ्र निर्वाचन गरिनेछ। स्थानीय निकायमा काम गर्ने कर्मचारीहरूको क्षमता वृद्धि गर्न विशेष जोड दिइनेछ।

**समष्टिगत आर्थिक स्थायित्व**

(झ) देशको समग्र विकास र पुनर्निर्माणको आवश्यकताबीच सामञ्जस्यता कायम गर्दै आन्तरिक र बाह्य स्रोतको परिचालनका सीमाभित्र रही समष्टिगत आर्थिक स्थायित्व कायम गरिनेछ। साथै मुद्रास्फीतिलाई निश्चित सीमा भन्दा माथि जान नदिने र वित्तीय सन्तुलन कायम गर्ने गरी बजेट

निर्माण गरिनेछ। आन्तरिक उत्पादन वृद्धि गर्न आपूर्ति प्रणालीसँग सम्बन्धित सार्वजनिक निकायहरूको क्षमता अभिवृद्धि, निजी क्षेत्रको कारोबारको सहजीकरण र आपूर्ति प्रणालीलाई थप व्यवस्थित गरी मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राखिनेछ।

**उत्पादन, उत्पादकत्व र आर्थिक वृद्धि**

(ञ) भूकम्पले कृषि, उद्योग र सेवा तीनै क्षेत्रमा पारेको प्रभावको मूल्याङ्कन गरी यी क्षेत्रहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने कार्यक्रमहरु छनौट गरी कार्यान्वयन गरिनेछ। छरिएर रहेका स्रोतहरूलाई एकत्रित गरी आर्थिक वृद्धि केन्द्रित लगानीमा जोड दिइनेछ।

(ट) कृषि उत्पादनमा वृद्धि गरी कृषि उपजको आयात कम गर्ने गरी कृषिका कार्यक्रमहरू तर्जुमा गरिनेछ। शीत भण्डार, सार्वजनिक गोदाम तथा कृषि प्रशोधन उद्योगहरूलाई प्रोत्साहित गरी कृषिको उत्पादन र उपभोगमा देखिएको भिन्नता कम गर्दै बचत हुने कृषि उपज निर्यात गर्ने नीति लिइनेछ। कृषि उत्पादनमा प्रविधिको प्रयोग वृद्धि गर्ने नीति लिनुका साथै साना र मध्यम कृषकहरूका लागि कृषि कर्जाको सहज र सुलभ पहुँच वृद्धि गरिनेछ। स्थानीय स्तरमा उत्पादन र रोजगारी बढाउन सहकारी संस्थाहरूको क्षमता वृद्धि गरिनेछ।

(ठ) बन्द भएका सार्वजनिक संस्थानहरूको उपयोग विहीन जग्गामा नयाँ उद्योग खोल्न वा सार्वजनिक हितका अन्य कार्यहरूका लागि उपयोग गरिनेछ। यसका लागि आवश्यक वित्तीय र मौद्रिक औजारहरूको प्रयोग गरिनेछ। औद्योगिक क्षेत्रहरूको विस्तार गर्नुका साथै निर्माण सम्पन्न भएका विशेष आर्थिक क्षेत्रलाई शीघ्र सञ्चालनमा ल्याइनेछ।

(ड) भूकम्पबाट प्रभावित सेवा क्षेत्र, विशेषगरी निर्माण, वित्तीय क्षेत्र र पर्यटन क्षेत्रलाई शीघ्र पुनर्जीवित गरी यस क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान बढाइनेछ।

**गरिबी न्यूनीकरण र सामाजिक न्याय**

(ढ) भूकम्पका कारण गरिबीको रेखामुनि पर्न सक्नेहरूका लागि तिनलाई पुनः यथास्थितिमा फर्काउने र गरिबीको दरमा कमी ल्याउन सरकारी लगानी र कार्यक्रमहरूको प्रतिफल तल्लो तहसम्म विस्तार गरिनेछ। उपलब्ध सबै प्रकारका स्रोतहरूलाई निजी, सहकारी, गैर सरकारी, लघु कर्जा एवं सामुदायिक क्षेत्र मार्फत् गरिबी न्यूनीकरणका लागि परिचालन गर्न प्रोत्साहित गरिनेछ। सामाजिक सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित र सुदृढ बनाइनेछ।

**पूँजी निर्माण र लगानी**

(ण) पूँजी निर्माणमा सरकारी लगानी बढाउनै पर्ने आवश्यकता छ। भूकम्पपछिको स्थितिलाई सम्बोधन गर्न मात्र होइन समग्र आर्थिक क्षेत्रलाई चलायमान बनाई आर्थिक वृद्धि हासिल गर्न ठूलो लगानीको आवश्यकता भएकाले स्वदेशी तथा वैदेशिक निजी लगानी आकर्षित गर्ने गरी प्रक्रियागत सुधार गरिनेछ।

(त) पूँजी बजारको प्रवर्द्धन गर्दै छरिएर रहेका स-साना पूँजीलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्ने व्यवस्था मिलाइनेछ। बैंक तथा वित्तीय संस्था एवं वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूको नियमनलाई प्रभावकारी बनाइनेछ।

## सरकारी निकायहरूको क्षमता अभिवृद्धि

(थ) सरकारी निकायहरूको बजेट कार्यान्वयन क्षमता बढाउन सम्बन्धित प्राविधिक लगायतका कर्मचारीहरूको क्षमता बढाइनेछ। सरकारी निकायहरूमा रहेका तालीम प्रदायक संस्थाहरूको पाठ्यक्रममा बजेट कार्यान्वयन क्षमता वृद्धि गर्ने विषयहरूलाई अनिवार्य रुपमा समावेश गर्ने व्यवस्था मिलाइनेछ।

(द) आयोजना विकास र कार्यान्वयनमा सरकारी निकायहरूको क्षमता अभिवृद्धि गर्न विकाससँग सम्बन्धित निकायहरूमा आयोजना विकासका लागि छुट्टै बजेट विनियोजन गरिनेछ। साथै अध्ययन, अनुसन्धानमा आधारित आयोजना तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने नीति लिइनेछ। बजेट ओगट्ने तर खर्च नगर्ने प्रवृत्तिलाई हतोत्साहित गर्दै काम बिगारे मात्र होइन काम नगरे वापत पनि दण्डको व्यवस्था गरिनेछ। सरकारी कर्मचारीहरूको कार्यसम्पादनलाई मूल्याङ्कन प्रणालीसँग आबद्ध गरिनेछ।

## कानुनी र नीतिगत सुधार

(ध) चालु आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा नै मैले नीतिगत र कानुनी सुधारका प्रस्तावहरू गरेको थिएँ। यसमध्ये सार्वजनिक खरिद ऐनमा परिमार्जन भइसकेको छ भने केही विधेयकहरू यस सम्मानित सदनमा छलफलका लागि दर्ता भइसकेका छन्। केही नीति र कानुनको मस्यौदा अन्तिम रुपमा पुगेका छन्। चालु आर्थिक वर्षमा प्रस्ताव गरिएका नीति तथा कानुनहरू यथाशीघ्र निर्माण र परिमार्जन गरिनेछ।

## भौतिक पूर्वाधार निर्माणको गुणस्तर सुधार

(न) हालैको भूकम्पका कारण सार्वजनिक खर्चमा भएका संरचनाहरूमा ठूलो क्षति पुगेको छ। यसले सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको देखिएकाले आयोजना/कार्यक्रमहरूको निर्माण मापदण्ड निश्चित गरी गुणस्तर कायम गर्न प्राविधिक परीक्षण गर्ने निकायको क्षमता अभिवृद्धि गरिनेछ।

(ऩ) सार्वजनिक निर्माणमा संलग्न निकाय तथा निर्माण व्यवसायीहरूको क्षमता बढाउन आवश्यक व्यवस्था मिलाइनेछ। भौतिक पूर्वाधार निर्माणको गुणस्तर सुनिश्चित गर्न सम्पन्न निर्माण कार्यको निश्चित अवधिसम्मको गुणस्तरीय मर्मत सम्भारका लागि सम्बन्धित निर्माण व्यवसायीलाई जिम्मेवार बनाइनेछ।

**<u>मानव संसाधन विकास</u>**

(प) मुलुकलाई आवश्यक पर्ने मानवस्रोतको आँकलन गरी योजनाबद्ध रुपमा मानव संसाधनको विकास गरिनेछ। मानवीय सूचकाङ्कको तल्लो तहमा रहेका व्यक्ति, वर्ग र क्षेत्रका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(फ) भूकम्पपश्चातको पुनर्निर्माणका लगि आवश्यक पर्ने जनशक्ति निर्माण गर्न अल्पकालीन सीप विकास एवं प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(ब) भूकम्पपछिको खोज, उद्धार र राहतमा नेपाली युवाहरूले देखाएको स्वतःस्फूर्त अग्रसरता सह्राहनीय रह्यो। यसबाट नेपाली युवाहरूले देश विकासमा उल्लेखनीय योगदान दिन सक्छन् भन्ने देखाएको छ। तसर्थ युवावर्गको ज्ञान, सीप र शक्तिलाई अधिकतम उपयोग गर्न प्रोत्साहित गर्नुका साथै वैदेशिक रोजगारीमा गएका युवाहरूलाई स्वदेश फर्की पुनर्निर्माणमा सरिक हुन प्रोत्साहित गरिनेछ।

**<u>स्रोत परिचालनमा कुशलता</u>**

(भ) आन्तरिक स्रोतको उपयोग वृद्धि गर्ने गरी राजस्व परिचालन गरिनेछ। तथापि पुनर्स्थापना र पुनर्निर्माणका लागि ठूलो धनराशी आवश्यक पर्ने भएकाले प्रभावकारी परिचालन गर्ने गरी वैदेशिक सहायता प्राप्त गरिनेछ। हालै सम्पन्न पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सम्मेलनमा विकास साझेदारहरूले गरेको प्रतिबद्धता अनुरुपको विदेशी सहायताले स्रोतको अपर्याप्ततालाई पूरा गर्ने अपेक्षा गरिएको छ। आन्तरिक ऋणलाई पूँजी निर्माणका कार्यक्रमहरूमा परिलक्षित गरिनेछ। पुनर्निर्माणका लागि अपुग हुने रकमको परिपूर्तिका लागि पुनर्निर्माण ऋणपत्र जारी गरिनेछ।

(म) उच्चस्तरीय कर प्रणाली कर पुनरावलोकन आयोगको सुझाव अनुसार कर सम्बन्धी कार्यहरूलाई सरल र सहज बनाउनुका साथै समग्र राजस्व प्रणालीलाई आधुनिकीकरण गरिनेछ। करदाताको व्यावसायिक लागत कम गर्दै चोरी निकासी पैठारी, राजस्व चुहावट, विदेशी विनिमय अपचलन र सम्पति शुद्धीकरण गर्ने कार्यलाई कडाइका साथ नियन्त्रण गरिनेछ। करदाताहरूमा स्वेच्छिक कर तिर्ने भावनाको विकास गर्न प्रणालीगत सुधार गरिनेछ।

## १७. विनियोजन विधेयकका प्राथमिकताहरू

(क) **<u>अर्थतन्त्रको पुनर्ताजगीकरण</u> -** भूकम्पका कारण शिथिल देखिएको अर्थतन्त्रका विविध क्षेत्रहरूलाई पुनः गतिशील बनाई आर्थिक-सामाजिक विकासलाई तीब्रता दिइनेछ। भूकम्पपछि थप गरिबीको मारमा परेका जनसंख्यालाई आर्थिक क्रियाकलापमा सहभागी गराउने कार्यक्रमहरू ल्याइनेछ। अर्थतन्त्रका हरेक क्षेत्रमा नवीन अवसरहरूको सिर्जना गरी गरिबीको रेखामुनि रहेका जनसंख्याको अनुपातमा कमी ल्याइनेछ।

(ख) **<u>पुनर्स्थापना र पुनर्निर्माण</u>** - भूकम्पबाट घरबारविहीन भएका, रोजीरोटी गुमाएका र घाइते भएका व्यक्तिहरूको शीघ्र पुनर्स्थापना गरिनेछ। जोखिममा परेका बस्तीहरूको स्थानान्तरण गर्नुका साथै एकीकृत बस्ती विकासको अवधारण अगाडि बढाइनेछ। नेपाल सरकारले घोषणा गरेको राहतको प्याकेज एवं आवास निर्माणको रकम निश्चित कार्यविधिको आधारमा उपयुक्त माध्यमबाट शीघ्र वितरण गरिनेछ। हालै गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको संलग्नतामा क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण कार्य अघि बढाइनेछ।

(ग) **<u>सुशासन प्रवर्द्धन</u>** - मुलुकको शासकीय प्रणालीप्रति आम जनताको विश्वास बढाउन सार्वजनिक सेवा प्रवाहको गुणस्तर वृद्धि गरिनेछ। सार्वजनिक खर्चलाई पारदर्शी र प्रभावकारी बनाइनेछ।

(घ) **<u>दीगो शान्ति र संविधान</u>** - विगत कैयौं वर्षदेखि थाती रहेको संविधान निर्माणको कार्यले गति लिन थालेको हुँदा संविधान निर्माणका बाँकी कार्यहरू यथाशीघ्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिनेछ। संविधानसँगै शान्ति प्रक्रियाका बाँकी कार्यहरू पनि तार्किक निष्कर्षमा पुग्ने भएकाले दीगो शान्तिका लागि कार्यक्रमहरूमा स्रोतको व्यवस्था गरिनेछ।

(ङ) **<u>कृषिको आधुनिकीकरण</u>** - कृषिलाई कुनै एउटा मन्त्रालय विशेषको रुपमा मात्र नहेरी एक वृहत्तर क्षेत्रको रुपमा विकास गरिनेछ। कृषिसँग सम्बन्धित सबै निकायका कार्यक्रमहरूलाई समन्वयात्मक ढङ्गमा अगाडि बढाइनेछ। परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई क्रमशः आधुनिकीकरण गर्न उत्पादनका साधनहरूको सहज र सुलभ उपलब्धता, पूँजीगत लगानीमा अनुदान र उत्पादनका आधारमा थप प्रोत्साहन दिने नीति लिइनेछ।

(च) **<u>ऊर्जा विकास</u>** - ऊर्जा विकासका क्षेत्रमा रहेका संरचनागत कमजोरीहरू हटाइनेछ। विस्तृत सम्भाव्यता अध्ययन सकिएका ठूला आयोजनाहरूलाई आगामी आर्थिक वर्षदेखि प्राथमिकताका साथ अगाडि बढाइनेछ। विद्युत सम्बन्धी नियामक निकायको क्षमता अभिवृद्धि गरी निर्माणाधीन जलविद्युत उत्पादन, प्रशारण र ग्रामीण विद्युतीकरण आयोजनाहरू निर्धारित समयमै सम्पन्न हुने वातावरण मिलाइनेछ।

(छ) **<u>पर्यटन विकास</u>** - भूकम्पले पर्यटन क्षेत्रमा पारेको प्रभावको विश्लेषण गरी नेपाल पर्यटनका लागि अझै सुरक्षित र आकर्षक गन्तव्य हो भन्ने सन्देश दिन यो क्षेत्रको सुरक्षा परीक्षण (Safety Audit) गरिनेछ। साथै, पर्यटनको प्रचार प्रसारका लागि कूटनीतिक नियोगका साथै अन्य संयन्त्रहरू परिचालन गरिनेछ। पर्यटकीय स्थलसम्म पुग्ने पहुँच मार्गको निर्माण गर्दै पर्यटकीय वस्तुको निर्माण र सञ्चालनमा निजी क्षेत्रलाई आकर्षित गरिनेछ। निर्माणाधीन विमानस्थलहरूको निर्माण कार्यलाई तीब्रता दिई तिनको निर्माण सम्पन्न नभएसम्म नयाँ आन्तरिक विमानस्थलको निर्माण शुरु नगर्ने नीति लिइनेछ। भूकम्पबाट ध्वस्त भएका र क्षतिग्रस्त पुरातात्विक सम्पदाहरूको शीघ्र पुनर्निर्माण गरिनेछ।

(ञ) **<u>भौतिक पूर्वाधारको गुणस्तरीय निर्माण</u>** - निर्माण भएका भौतिक पूर्वाधारहरूको गुणस्तरमा जोड दिइनेछ। सम्बद्ध प्राविधिक तथा निर्माण व्यवसायीलाई निर्माण गुणस्तरमा उत्तरदायी बनाइनेछ। एकैपटक धेरै पूर्वाधार आयोजनामा हात हाल्नुभन्दा शुरु भई निर्माणको चरणमा रहेका आयोजनाहरूलाई सम्पन्न गर्न प्राथमिकता दिइनेछ। आर्थिक विकासमा पछाडि परेका दुर्गम र ग्रामीण क्षेत्रको भौतिक पूर्वाधार विकासमा विशेष जोड दिइनेछ।

(झ) **<u>सामाजिक क्षेत्र विकास</u>** - शिक्षालाई व्यावहारिक र उत्पादनमूलक बनाउन प्राविधिक शिक्षा विस्तार गरिनेछ। आधारभूत शिक्षा, स्वास्थ्य र सरसफाइमा सबै नेपालीको पहुँच वृद्धि गर्नुका साथै तिनको गुणस्तर अभिवृद्धि गरिनेछ।

(ञ) **<u>ग्रामीण विकास र एकीकृत बस्ती विकास</u>** - स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गर्ने गरी ग्रामीण विकासका कार्यक्रमहरू तर्जुमा गरिनेछ। उत्पादनका साधनको पहुँच वृद्धि र उत्पादित सामाग्रीको बजारीकरणमा सहायक हुने गरी ग्रामीण पूर्वाधार निर्माण गरिनेछ। भूकम्पबाट अति प्रभावित स्थानहरूमा सुविधासम्पन्न एकीकृत बस्ती विकासको थालनी गरिनेछ।

(ट) **<u>निजी क्षेत्र विकास</u>** - सार्वजनिक-निजी अवधारणालाई व्यवहारमा उतारिनेछ। थप औद्योगिक क्षेत्रको विकास गर्दै निर्माण सम्पन्न भएका विशेष आर्थिक क्षेत्रहरूलाई शीघ्र सञ्चालनमा ल्याइनेछ।

(ठ) **<u>शान्ति सुरक्षा एवं विदेश सम्बन्ध</u>** - प्रत्येक नागरिकले अनुभूत गर्ने गरी शान्ति सुरक्षा व्यवस्था सुदृढ बनाइनेछ। छिमेकी लगायत सबै मित्रराष्ट्र एवं बहुराष्ट्रिय संस्थाहरूसंगको सम्बन्धलाई थप सबलीकरण गर्दै परराष्ट्र सम्बन्धलाई थप सुदृढ एवं व्यवस्थित बनाइनेछ।

१८. आगामी आर्थिक वर्षको बजेटका यी सिद्धान्त र प्राथमिकतामा माननीय सदस्यरूले घनीभूत छलफल गरी आ-आफ्नो तर्फबाट दिनुहुने सुझावले सरकारलाई बजेट निर्माणका लागि मार्गनिर्देश गर्दछ भन्ने अपेक्षा गरेको छु।

धन्यवाद !